# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editors : Bro. BHUVAN DEVKOTA, Bro. RAJ KUMAR BHANDARI

Vol. XXVI | YEAR OF OUR LORD JESUS CHRIST, 2026 AUGUST | No. 08


## पवित्र बाइबल

कृपया यो खण्ड कण्ठ गर्नुहोस्।

**भजनसंग्रह १३६:१-१०**

१. परमप्रभुलाई धन्यवाद देओ किनभने उहाँ भलो हुनुहुन्छ, उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ ।

२. देवताहरूका परमेश्वरलाई धन्यवाद देओ, उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ ।

३. प्रभुहरूका परमप्रभुलाई धन्यवाद देओ किनभने उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ ।

४. उहाँले मात्र आश्चर्य कामहरू गर्नुहुन्छ उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ ।

५. उहाँले आफ्नो समझशक्तिले स्वर्ग सृष्टि गर्नुभयो: उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ ।

६. उहाँले पानीमाथि पृथ्वी फैलाउनुभयो: उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ ।

७. उहाँले ठूला-ठूला ज्योतिहरू बनाउनुभयो: उहाँको प्रेम सदाकाल रहिरहन्छ ।

८. उहाँले दिनमा प्रभुत्व गर्नलाई सूर्य बनाउनुभयो: उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ ।

९. उहाँले रातमा प्रभुत्व गर्नलाई चन्द्र र तारा बनाउनुभयो: उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ ।

१०. उहाँले मिश्रदेशका ज्येष्ठहरूलाई मार्नुभयो: उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ ।



## तपाईलाई ख्रीष्टको निम्ति असल सैनिक हुन बोलाइएको छ

**You are called to be a good SOLDIER FOR CHRIST!**

बहिनी एन्जलीन



हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्ट - हाम्रो बौरिउठ्नुभएको, शासन गर्नुहुने र चाँढै आउनुहुने राजाको अमूल्य नाउँमा अभिवादन ।

हाम्रो संस्थापक पास्टर एस. साम सेल्भाराजको पक्षबाट, **बोलावटको प्रतिध्वनि सेवकाइहरूका** विश्वासयोग्य सहयोगक्षिहर र कर्मचारीको साथमा ८० औं स्वतन्त्रता दिवसको यो आनन्द र आशिषित अवसरमा हरेक भारतीयलाई हामी हाम्रो गहिरो अभिवादन र न्यानो शुभकामना व्यक्त गर्दछौं ।

यस ऐतिहासिक उपलब्धीले हामीलाई प्राप्त भएको स्वतन्त्रताको कदर गर्न, आपसी एकता र सद्भावका बन्धनलाई अझ सुदृढ बनाउन तथा हाम्रो प्रिय राष्ट्रको उज्वल, शान्तिपूर्ण र आशाले भरिएको भविष्य निर्माणका लागि मिलेर कार्य गर्न प्रेरणा प्रदान गरोस् ।

जसै हामीले आफ्नो देशको स्वतन्त्रता मनाउन लागेका छौं, हाम्रो स्वतन्त्रताको निम्ति आफ्नो जीवन दिने साहसी दाजुभाइ तथा दिदीबहिनीहरूका असंख्य बलिदानप्रति कृतज्ञताको साथ हाम्रा हृदय अर्पण गर्दछौं । उहाँहरूका साहस, धैर्य र निरन्तरको समर्पणता जग बनेको थियो, जसमाथि हाम्रो स्वतन्त्रता

बाँकी पृष्ठ ३ मा


## बोलावटको प्रतिध्वनि

ख्रीष्टियान यूट्यूब च्यानल



हरेक दिन २ मिनेट सन्देश

**पा. एस. साम सेल्भाराजबाट**

अंग्रेजी, हिन्दी भाषामा: बिहान १ बजे

तामिल र तेलगू भाषामा: बिहान २ बजे

र

तामिल र अंग्रेजी भाषामा सन्देश र प्रार्थना

आइतबार बिहान ८:३० बजे र साँझ ६:०० बजे

तपाईं आशिषित हुनुभएको छ भने कृपया सस्क्राइब गरिदिनुहोला । तपाईंले प्रेम र वास्ता गर्नुभएकासँग सेयर गरिदिनुहोला ।

बोलावटको प्रतिध्वनि - (Marching towards 60th year)
Estd. 1969






## तपाईंको प्रिय भाइबाट....

**धन्यका हुन् तिनीहरू, जसको आचरण निर्दोष छ, जो परमप्रभुको व्यवस्थामा चल्दछन्** (भजनसंग्रह ११९:१) ।



### हाम्रो मिसन नीति

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

HON. EDITOR-IN-CHIEF
Rev. Dr. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.
EX MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
GENERAL MANAGER
Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM., MBA.
ADMINISTRATION
Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)
EDITORIAL BOARD
Sis. Sajini Cherian
Rev. Dr. J. John Rajarathnam, B.E.S., B.D., M.Th.
Rev. Dr. K.R. Rajasekaran
Adv. N. Balaji, B.Com., M.L.
EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ

Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293
Cell : (+91) 98410 71852, 98412 71858
E.MAIL
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.org
YOUTUBE CHANNEL
Echo of His Call

ख्रीष्टमा प्रिय मित्रहरू,

हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अचम्मको नाउँमा तपाईं सबैलाई विशेष अभिवादन ।

हाम्रो प्रभु येशू ख्रीष्टद्वारा तपाईं आशिषित हुनुहुन्छ । तपाईंको महिमित भविष्यको निम्ति उहाँले नयाँ ढोकाहरू र अवसरहरू खोल्नुहुनेछ । हामीले गरेझैं हामीले हरेक अवस्थामा उहाँमाथि भरोसा गर्न सक्छौं । तापनि, प्रभुको अघि विश्वासयोग्यपूर्वक हिंड्न हामी सावधान हुनुपर्छ ।

***कि जीवितहरूको देशमा म परमप्रभुको सामुन्ने हिंडडुल गर्न सकूँ*** (भजनसंग्रह ११६:९) ।

हामीले बुझेका छौं कि अर्को वर्षको सुरुवातदेखि हामीले **बोलावटको प्रतिध्वनि** समाचारपत्रको हरेक प्रतिको निम्ति हुलाकको निम्ति रु २ (दुई रुपैयाँ) तिर्नुपर्ने हुन सक्छ । यस कुराले हाम्रो सेवकाइमाथि महत्वपूर्ण आर्थिक भार थप्न सक्छ । त्यसकारण, **बोलावटको प्रतिध्वनिजस्तो** मासिक समाचारपत्र दर्ताको निम्ति वर्तमान हुलाक दरमै कायम राख्न हाम्रा भारतका सम्माननीय संचारमन्त्री र सम्माननीय प्रधानमन्त्रीको हृदयलाई परमेश्वरले चलाउनुभएको होस् भनेर तपाईंको प्रार्थनाको निम्ति हामी विनम्रपूर्वक आग्रह गर्दछौं । परमेश्वरले हाम्रा सम्माननीय प्रधानमन्त्री र उहाँको टोलीलाई सुस्वास्थ्य, बुद्धि र दीर्घायुले आशिष् दिनुभएको होस् ।



*26th Graduation Service of our Nehemiah Bible Colleges*

४ जुलाई २०२६ मा आयोजना भएको हाम्रा **नहेम्याह बाइबल कलेजहरूको** २६ औं दीक्षान्त समारोहमा परमेश्वरले अनुग्रहपूर्वक आशिष् दिनुभयो । सैंतीस जना विद्यार्थीहरू दीक्षान्तित भएका थिए र परमेश्वरको महिमित सेवकाइको निम्ति पठाइएको थियो । हाल तिनीहरूलाई सुसमाचार प्रचारक, पास्टरका रूपमा र ख्रीष्टियान सेवकाइका अन्य क्षेत्रहरूमा सेवा गर्न मिसनको क्षेत्रमा पठाइएको छ ।

परमेश्वरका महान् जन, सुसमाचारका असल प्रचारक र **बोलावटको प्रतिध्वनि** मलायालामका सहसम्पादक बेन्जामिन मोजेजले आफ्नी प्रिय पत्नी प्रमिला बेन्जामिन र छोरी महिमा बेन्जामिनका साथमा हाम्रो मुख्य कार्यालयमा भ्रमण गर्नुभएको थियो र हामीसँग आशिषित सेवकाइ भएको



*Ev. Benjamin Moses, Associate Editor (Malayalam) and family*

भारत देश करिब १.५ अर्ब जनसंख्याको साथमा प्रजातान्त्रित देश हो । तथ्यांकहरूले देखाउँछ कि ख्रीष्टियानरूको उपस्थिति पुरा जनसंख्याको करिब २ प्रतिशत मात्रै छ। त्यसकारण, येशू ख्रीष्टको सुसमाचारको साथमा सुसमाचार नपुगेका स्थानमा पुग्ने ठूलो जिम्मेवारी हामीसँग छ ।

जसै तपाईंले यो सन्देश पढ्नुहुन्छ, प्रभु तपाईंको हृदयमा बोल्नुहुन्छ र यो सेवकाइमा सहभागी हुन तपाईंलाई अगुवाइ गर्नुहुन्छ भने उहाँको निर्देशनअनुसार गर्न हामी तपाईंलाई उत्साह दिन्छौं । कृपया तपाईंका स्थानीय पास्टरहरू र सेवकाइहरूलाई तपाईंको प्रार्थनामा सम्झनुहोस् र प्रभुले तपाईंलाई सक्षम बनाउनुभएअनुसार ती सबैलाई सहायता गर्नुहोस् । हामी तपाईंको निम्ति निरन्तर प्रार्थना गर्छौं र तपाईंमाथि प्रशस्त आशिष् खन्याउन हामी परमेश्वरमा प्रार्थना गर्दछौं ।

***...फसल प्रशस्त छ तर खेतालाहरू थोरै छन् । यसकारण फसलका प्रभुलाई प्रार्थना गर र उहाँले आफ्नो फसलमा खेतालाहरू पठाइदेऊन्*** (मत्ती ९:३७-३८) ।

ख्रीष्ट येशूमा तपाईंको सेवक,

*पा. एस. साम सेल्भाराज,*

इमेल: sam@echoofhiscall.org

पृष्ठ १ बाट

निर्माण भएको थियो । आठ दशकअघि जिउनुभएकाहरूका बलिदान स्वतन्त्रताको निम्ति तिर्नुपर्ने मौल बनेको थियो, जसमा आज हामीले आनन्द गर्दछौं । उहाँहरूको रगत बिउ बनेको थियो, जसबाट हाम्रो देशको स्वतन्त्रता फुलेको थियो ।

यस कुराले मलाई अझ ठूलो बलिदानको सम्झना दिलाउँछ - २००० वर्षभन्दा पनि अघि कलवरीको क्रूसमा हाम्रो प्रभु येशू ख्रीष्टको बलिदान । उहाँको अमूल्य रगतले हाम्रो निम्ति अत्यन्तै ठूलो र अनन्त स्वतन्त्रता किनेको थियो: पाप, रोग, कूलतहरू, आत्मिक बन्धन र पुस्तैनी श्रापहरूबाट स्वतन्त्रता ।

***परमेश्वरको वचनले घोषणा गर्दछ***

**हाम्रो निम्ति उहाँ श्राप बन्नुभयो** (गलाती ३:१३) ।

उहाँको बलिदानद्वारा, हामीले अन्धकारबाट छुटकारा पाएका छौं र उहाँको अचम्मको ज्योतिमा ल्याइएका छौं। येशू ख्रीष्ट आफैंले घोषणा गर्नुभयो:

**... तिमीहरूले सत्य जान्नेछौ र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ** (यूहन्ना ८:३२) ।

परमेश्वरलाई प्रशंसा होस् - हामी वास्तवमै येशू ख्रीष्टमा स्वतन्त्र छौं ।

***येशू ख्रीष्ट र आँधी:***

मर्कूस ४ अध्यायमा, येशू ख्रीष्टका चेलाहरूले भयानक आँधीको सामना गर्दा डुङ्गामा उहाँ सुतिरहनुभएको शक्तिशाली विवरणको बारेमा हामीले पढ्छौं । भयले गर्दा तिनीहरूले उहाँलाई ब्यूँझाए र पुकारा गरे:

**...गुरुज्यू, हामी डुब्न लाग्यौं भन्ने के तपाईंलाई वास्ता छैन ?**

येशू ख्रीष्ट खडा हुनुभयो, आँधी र समुद्रलाई हकार्नुभयो र तयसपछि विश्वासको बारेमा आफ्ना चेलाहरूलाई चुनौति दिनुभयो। तिनीहरू अचम्मले भरिएका थिए किनभने तिनीहरू सृष्टिमाथि उहाँको पूर्ण अधिकारको साक्षी भएका थिए ।

***मर्कूस ४:३६ ले भन्दछ***

**... उहाँ जुन डुङ्गामा बस्नुभएको थियो, त्यसैमा उहाँलाई चेलाहरूले आफ्ना साथ लगे...**

येशू ख्रीष्टले निरन्तर सेवकाइ गरिरहनुभएको थियो। उहाँ शारीरिक रूपमा कमजोर, भावनात्मक रूपमा थकित र भीडबाट टाढा विश्रामको समयको आश्यकता भएको थियो - आफ्ना चेलाहरूसँग शान्त समय ।

उहाँ जहाँ हुनुहुन्थ्यो, तिनीहरूले उहाँलाई लगे - थकित, गम्भीर र निद्राको आवश्यकता भएको । डुङ्गाले आफ्नो यात्रा सुरु गर्ने बित्तिकै येशू ख्रीष्ट निदाउनुभयो ।

हामीमध्ये धेरैले यसलाई बुझ्न सक्नुहुन्छ। दिनभरि श्रम, सेवकाइ, जिम्मेवारी वा सेवा गरेपछि हामीले शान्त स्थान पाएको क्षणमा नै थकानले हामीलाई जित्छ ।

# अत्यन्तै जरुरी सूचना




निकट भविष्यमा बोलावटको प्रतिध्वनिको हुलाक वितरणमा रोक्नै नसकिने व्यवधान आउन सक्ने भएको छ । तपाईंले बिना कुनै रोकावट बोलावटको प्रतिध्वनि निरन्तर प्राप्त गरिरहन चाहना गर्नुहुन्छ भने कृपया हामीलाई तपाईंको नाम, ठेगाना, इमेल र ह्वाटसएप नम्बर पत्र, इमेल, फोन कल वा एसएमएस वा ह्वाटसएप सन्देशबाट तुरुन्तै पठाउनुहोला ।

तपाईंलाई अझ राम्रो गरी सेवा गर्न तपाईंको सहयोगले हामीलाई सहायता गर्दछ ।

**हाम्रो ठेगाना:**

**बोलावटको प्रतिध्वनि**
**10, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005, India**
**Cell: (+91) 98412 71858 / 98410 71858 E.mail: sam@echoofhiscall.org**

तापनि, यही पदभित्र, त्यो सानो छ तर विवरणमा महत्वपूर्ण, जुनचाहिँ प्रायः बेवास्ता गरिन्छ - गहन आत्मिक प्रकाश बोक्ने विवरण:

**अरू-अरू डुङ्गाहरू पनि उहाँको साथमा थिए ।**

मर्कूसले मात्रै यो विवरण अभिलेख गरेका छन् । मर्कूसको सुसमाचारले धेरै स्पष्ट गवाहीका विवरणहरू, जालहारी र येशूको सबैभन्दा नजिकको चेलाहरूमध्ये एक पत्रुसबाट प्रभावित भएको विश्वास गरेको छ ।

मर्कूसले अद्वितीय अभिलेखहरूका विवरण राखेका छन्, जसमाः

- **येशू ख्रीष्ट सिरानीमा सुतिरहनुभएको** (मर्कूस ४:३८)
- **पाँच हजारलाई खुवाउँदा हरियो घाँस** (मर्कूस ६:३९)
- **सय र पचासको समूह** (मर्कूस ६:४०)
- **अन्धो मानिसलाई दुई चरणमा चङ्गाइ** (मर्कूस ८:२२-२५)

त्यसकारण, जब मर्कूले लेख्छन् ... **उहाँको साथमा अन्य साना डुङ्गाहरू थिए,** यो अनावश्यक विवरण होइन । यसले शक्तिशाली आत्मिक सत्यता प्रकट गर्दछः

तपाईंको जीवनलाई हेरिएको छ । तपाईंका आँधी अवलोकन गरिएका छन् । छुटकाराको बारेमा तपाईंको गवाही अरू कसैको निम्ति स्वतन्त्रताको ढोका बन्न सक्छ । आँधीको बीचमा येशू ख्रीष्टलाई पछ्याएका साना डुङ्गाहरूका निम्ति म परमेश्वरलाई धन्यवाद दिन्छु ।

## साना डुङ्गाहरूले हामीलाई के कुरा सम्झना दिलाउँछ ?

### १. याद राख्नुहोस्: तपाईंलाई हेरिरहेका साना डुङ्गाहरूले तपाईंलाई घेरेका छन्

परमेश्वरको प्रशंसा घोषणा गर्न परमेश्वरले हामीलाई बोलाउनुभएको छः

**तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ । उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो ताकि तिमीहरू उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक** (१ पत्रुस २:९) ।

हामीले ख्रीष्टमा स्वतन्त्रता प्राप्त गरेका छौं, हाम्रो लागि मात्रै होइन तर हाम्रो जीवनद्वारा उहाँको ज्योति चम्काउन सकौं र उहाँमा अरूलाई डोऱ्याउन सकौं ।

हामीले महसुस गरे पनि वा नगरे पनि मानिसहरूले हामीलाई हेरिरहेका छन् - हाम्रो विश्वास, हाम्रो चरित्र, हाम्रा वचन, हाम्रा कार्य, दबाबमा हाम्रा प्रतिक्रियाहरू र जीवनका आँधीहरूमा हामीले आफैंलाई चलाउने तरिकालाई ।

येशू ख्रीष्टले भन्नुभयोः

**यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस् र तिनीहरूले तिमीहरूका सुकर्म देखून् र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून्** (मत्ती ५:१६) ।

आँधीहरूको बीचमा पनि हाम्रा जीवनले परमेश्वरको भलाई प्रकट गरून् र स्वर्गमा हुनुहुने हाम्रा पितालाई अरूले महिमा दिने बनाऊन् ।

ती साना डुङ्गाहरूले येशूको डुङ्गालाई किन पछ्याए भनेर मलाई थाहा छैन । सायदः

- केहीले उत्सुकतामा पछ्याएका थिए ।
- केहीले पछ्याए किनभने तिनीहरू उहाँका कार्यहरूबाट अचम्मित भएका थिए ।
- केहीले अवलोकन गर्न र आलोचना गर्न पछ्याएका थिए
- केहीले पछ्याए किनभने तिमीहरू वचनको निम्ति भोका थिए
- केही केवल नजिकै थिए, जस्तै माझी र यात्रीहरू

तिनीहरूका कारण जे भए पनि आँधी आउँदा चेलाहरूका प्रतिक्रिया कस्तो थियो भनेर तिनीहरू साक्षी भएका थिए ।

**हाम्रा वरिपरि भएका यी साना डुङ्गाहरू को हुन् ?**

- हाम्रा छोराछोरी
- हाम्रा पति वा पत्नी
- हाम्रा परिवारका सदस्यहरू
- हाम्रा सहकर्मीहरू
- हाम्रा छिमेकीहरू
- हाम्रा मण्डली परिवार
- हाम्रा समुदाय

तपाईं जीवनमा एक्लै यात्रा गरिरहनुभएको छैन । तपाईंको यात्रालाई अवलोकन गर्दै तपाईंसँगै साना डुङ्गाहरू चलिरहेका छन् ।

### २. याद राख्नुहोस्: तपाईंले येशू ख्रीष्टलाई बोक्नुभएको छ - तिनीहरूले छैनन्

चेलाहरूको डुङ्गा र साना डुङ्गाहरूका बीचमा भएको ठूलो भिन्नता आँधी थिएन - त्योचाहिँ येशू ख्रीष्टको उपस्थिति थियो ।

साना डुङ्गाहरूले सोही पानीमा थिए र त्यही आँधीको सामना गरेका थिए तर येशू ख्रीष्ट तिनीहरूका डुङ्गामा हुनुहुन्थेन ।

तापनि, हामी जहाँ गए पनि हामीले येशू ख्रीष्टलाई बोक्छौं । हामी पवित्र आत्माको मन्दिर हौं । येशू ख्रीष्टको उपस्थिति हामीसँग छ ।

तापनि, हाम्रो वरिपरि भएका धेरै मानिसहरू उहाँबिना अझै जिइरहेका छन् - भय, अन्योलता, आशाहीनता, आत्मिक बन्धन र पापको बन्धनमा परेका । येशू ख्रीष्टलाई बोक्नेहरू कसरी प्रतिक्रिया दिन्छन्, बोल्छन् र जिउँछन् भनेर तिनीहरूले हेरिरहेका छन् ।

***येशू ख्रीष्टले घोषणा गर्नुहुन्छ***

**परमप्रभुका आत्मा ममाथि छ किनभने गरिबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ । कैदीहरूलाई छुटकाराको घोषणा गर्न र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति उहाँले मलाई पठाउनुभएको छ** (लूका ४:१८) ।

यो कुरा याद राख्नुहोस्, तपाईं स्वतन्त्रताको राजदूत हुनुहुन्छ ।

परमेश्वरले तपाईंलाई स्वतन्त्र पार्नुभएको छ ताकि तपाईंको वरिपरि भएका साना डुङ्गाहरूका निम्ति तपाईं उहाँको स्वतन्त्रताको माध्यम बन्न सक्नुभएको होस् ।

तपाईंको डुङ्गामा को छ भनेर कहिल्यै नबिर्सनुहोस् - को छैन भनेर पनि ।

तपाईंको जीवन सन्देश हो, जुन मानिसहरूले तपाईंलाई पहिले नै पढिरहेका छन् ।

तपाईंले कस्तो सन्देश प्रचार गरिरहनुभएको छ ?

### ३. याद राख्नुहोस्: आँधीले हरेक डुङ्गालाई छोएको छ

येशू ख्रीष्टलाई बोकिरहेको डुङ्गामा मात्रै आँधीले हानेको छैन, यसले पानीमा भएका हरेक डुङ्गालाई प्रभाव पारेको थियो ।

बाँकी पृष्ठ ६ मा

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1969

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

**प्रशंसा र प्रार्थनाको बुँदाः अगस्त १९ देखि सेप्टेम्बर १८ सम्म**

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)



## परमेश्वरलाई प्रशंसा गरौं...

अगस्त १९: प्लेट बनाउने, प्लेट ग्राइन्डर गर्ने, स्क्रिन प्रिन्टिरहरू र अन्यबाटको अतिरिक्त सहायताको साथमा हाम्रो **बोलावटको प्रतिध्वनि** सेवकाइहरुमा आशिष् दिनुभएको निम्ति ।

अगस्त २०: हाम्रो **नहेम्याह बाइबल कलेज** संकाय सदस्यहरू र उहाँका परिवारहरुमाथि आशिष्को निम्ति ।

अगस्त २१: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलका** प्रधानाध्यापक, कर्मचारी र विद्यार्थीहरुमाथि आशिष्को निम्ति ।

अगस्त २२: अगस्त १० २०२६ मा आयोजना भएको हाम्रो ५७ औं वार्षिकोत्सव मनाउन दिनुभएको आशिष्को निम्ति ।

अगस्त २३: हाम्रा मिसन कर्मचारीहरुको ठूलो समर्पणताको निम्ति ।

अगस्त २४: हाम्रो सिनियर पास्टर र उहाँको परिवारको निम्ति परमेश्वरको वास्ताको निम्ति ।

अगस्त २५: अघिल्लो महिनामा हाम्रा सम्पूर्ण खाँचो पूरा गर्नुभएको निम्ति ।

अगस्त २६: हाम्रा मण्डलीहरुमा नयाँ सदस्यहरू थपिदिनुभएको निम्ति ।

अगस्त २७: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहक वर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू, आग्रह गर्ने साझेदारहरू, महान् आज्ञाका साझेदारहरू र उहाँका परिवारहरुमाथि उहाँको कृपाको निम्ति ।

अगस्त २८: शैक्षिक सत्र २०२६-२०२७ को निम्ति **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा** नयाँ भर्नाको निम्ति ।

अगस्त २९: हाम्रा सम्पूर्ण कर्मचारी सदस्यहरू र उहाँका परिवारहरुका सुरक्षाको निम्ति ।

अगस्त ३०: हामीलाई दुवै नैतिक र आर्थिक रूपमा सहायता गर्ने साझेदारहरुका साथमा आशिष् दिनुभएको निम्ति ।

अगस्त ३१: विश्वासयोग्यपूर्वक **बोलावटको प्रतिध्वनि** समाचारपत्र सेवकाइलाई सहायता गर्ने समर्पित सहसम्पादकहरुका साथमा हामीलाई आशिष् दिनुभएको निम्ति ।

सेप्टेम्बर १: आफ्नो जिम्मेवारीहरू एकता र एकै मनको भएर पूरा गर्ने समर्पित कर्मचारीहरुका साथमा हामीलाई आशिष् दिनुभएको निम्ति ।

सेप्टेम्बर २: हाम्रो मुख्य मण्डलीमा युवा र युवतीको निम्ति हाम्रो जवान संगतिमा आशिष् दिनुभएको निम्ति ।

सेप्टेम्बर ३: मिसन क्षेत्रमा भएका हाम्रा मिसनरीहरू र उहाँका परिवारहरुको सुरक्षाको निम्ति ।

## कृपया प्रार्थना गरौं...

सेप्टेम्बर ४: यो महिनाको हाम्रा सम्पूर्ण खाँचो परमेश्वरले पूरा गरिदिनुभएको होस् ।

सेप्टेम्बर ५: शैक्षिक सत्र २०२६-२०२७ को निम्ति हाम्रा **नहेम्याह बाइबल कलेजहरुका** सम्पूर्ण विद्यार्थीहरुका निम्ति ।

सेप्टेम्बर ६: शैक्षिक सत्र २०२६-२०२७ को निम्ति हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलका** सम्पूर्ण विद्यार्थीहरुका निम्ति ।

सेप्टेम्बर ७: हाम्रा प्रान्तीय संयोजकहरू र उहाँका परिवारहरुको हीतको निम्ति ।

सेप्टेम्बर ८: भारतको सुसमाचार नपुगेको स्थानमा हामीलाई पुग्न सक्षम बनाउनको निम्ति ।

सेप्टेम्बर ९: हाम्रो सेवकाइका क्रियाकलापहरू र भविष्यको बिस्तारको लागि ।

सेप्टेम्बर १०: छापाखानामा भएको हाम्रो प्रिन्टर, सहायक प्रिन्टर र सम्पूर्ण कर्मचारीहरुका निम्ति ।

सेप्टेम्बर ११: संसारभरि महिला र बालबालिकाको सुरक्षाको निम्ति ।

सेप्टेम्बर १२: मद्यपान गर्ने र दुष्ट काम गर्नेहरू पश्चात्ताप गर्ने होऊन् ।

सेप्टेम्बर १३: सम्पूर्ण देशहरुका बीचमा एकता र शान्तिको निम्ति ।

सेप्टेम्बर १४: ख्रीष्टियान प्रचारहरुले बिना कुनै सम्झौता गरी विश्वासयोग्यपूर्वक सुसमाचार प्रचार गरून् ।

सेप्टेम्बर १५: सम्पूर्ण ख्रीष्टियान संस्थाहरू र मण्डलीहरुमाथि परमेश्वरको आशिष् र सुरक्षाको निम्ति ।

सेप्टेम्बर १६: कैदखानामा सेवा गर्ने परमेश्वरका सेवकहरुका निम्ति ।

सेप्टेम्बर १७: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराजलाई बहुसंख्यक सेवकाहरुका निम्ति ताजा दर्शनको साथमा आशिष् दिनुभएको निम्ति ।

सेप्टेम्बर १८: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँका परिवारलाई सम्पूर्ण दुष्ट शक्तिबाट सुरक्षाको निम्ति ।

पृष्ठ ४ बाट

दुवै विश्वासीहरू र अविश्वासीहरूले आँधीको सामना गर्छन् । हाम्रो डुङ्गामा येशू ख्रीष्ट हुनुहुन्छ भन्नुको अर्थ हामीले कहिल्यै आँधीको सामना गर्नुपर्दैन भन्ने होइन - तर यसको अर्थ हरेक आँधीभन्दा महान मुक्तिदाता हामीसँग हुनुहुन्छ ।

हाम्रा आँधी यसरी आउन सक्छन्:

- भावनात्मक लडाइँहरू
- आर्थिक दबावहरू
- पारिवारिक संघर्षहरू
- स्वास्थ्यका चुनौतिहरू
- आत्मिक आक्रमणहरू

हाम्रा आफ्नै पीडामा मात्रै केन्द्रित गराउन र हाम्रो वरिपरि भएका साना डुङ्गाहरूलाई बिर्सन शत्रुले आँधी प्रयोग गर्छ । हामीलाई यस्ता कुराहरूले जित्ने चाहना त्यसले गर्छ

- चिन्ता र भावनात्मक बोझहरू
- पारिवारिक जिम्मेवारीहरू
- आर्थिक कठिनाइहरू
- शारीरिक कमजोरी
- आत्मिक थकान

जब हामी आफ्नै संघर्षबाट पूर्णरूपमा थकित बन्छौं, हाम्रा प्रार्थना, उत्साह, करुणा र गवाही आवश्यक भएकाहरूलाई ध्यान दिन असफल हुन्छौं ।

तर परमेश्वरले हामीलाई आँधीबाट माथि खडा हुन बोलाउनुभएको छ ।

***यशैया ४०:३१ ले घोषणा गर्दछ:***

**तर परमप्रभुको आशा गर्नेहरूको बल फेरि नयाँ हुनेछ । तिनीहरू गरुडझैं माथिमाथि उड्नेछन् र बगुरेर पनि तिनीहरू थाक्नेछैनन् । तिनीहरू हिँड्नेछन् तापनि मूर्च्छा पर्नेछैनन् ।**

तपाईं एक्लो उपत्यकाबाट हिँडिरहनुभएको, बोक्न अत्यन्तै गाह्रो भएको बोझ बोकिरहनुभएको, आँधीबाट उम्कनको निम्ति चाहना गरिरहनुभएकोजस्तो तपाईंले महसुस गर्नुभएको हुन सक्छ । तापनि, तपाईंलाई बोलाउनुहुने परमेश्वर विश्वासयोग्य रहनुहुन्छ ।

आज तपाईंले सामना गरिरहनुभएको आँधी साक्षी बन्न सक्छ, जसले तपाईंको यात्रा हेरिरहेका असंख्य साना डुङ्गाहरूमा आशा र स्वतन्त्रता ल्याउँछ ।

अहिले तपाईंले अनुभव गरिरहनुभएको लडाइँलाई परमेश्वरले अरूका निम्ति आशिष्मा परिणत गर्न सक्नुहुन्छ - तपाईंले कहिल्यै नचिन्नुभएका पनि हुन सक्छ ।

सहासिलो हुनुहोस् ।

तपाईंको डुङ्गामा येशू ख्रीष्ट हुनुको अर्थ के हो भनेर साना डुङ्गाहरूलाई देखाउनुहोस् ।

## ४. आँधीमा तपाईंको प्रतिक्रियाले साना डुङ्गाहरूलाई प्रभाव पार्छ

जब चेलाहरू आत्तिए र पुकारा गरे:

**गुरुज्यू, हामी डुब्न लाग्यौं भनेर के तपाईंलाई वास्ता छैन ?** तिनीहरूका वरिपरि भएका साना डुङ्गाहरूमा भएका मानिसहरू भयले भरिएका हुन सक्छन् ।

येशू ख्रीष्टलाई बोकिरहनुभएको डुङ्गा डगमगाउँछ भने अरूसँग के आशा थियो ?

अभावको समयमा तपाईंको प्रतिक्रियाले आरामको समयमा तपाईंका वचनभन्दा ठूलो आवाजमा बोल्दछ ।

आशा नभएका अरूजस्तै के तपाईंले प्रतिक्रिया दिनुहुन्छ ? वा आँधीमा तपाईंसँग हुनुभएको व्यक्तिलाई के तपाईंले प्रकट गर्नुहुन्छ ?

तीन जना हिब्रू मानिसहरूले घोषणा गरे:

**हामीले सेवा गर्ने हाम्रा परमेश्वर हामीलाई छुटाउन सक्नुहुन्छ... तर उहाँले नगर्नुभए पनि...** (दानिएल ३:१७-१८) ।

विश्वासको कस्तो शक्तिशाली अभिव्यक्ति:

उहाँले नगर्नुभए पनि ।

के हामीसँग त्यस्तो प्रकारको विश्वास छ, जुन परिस्थितिमा मात्रै निर्भर रहँदैन - विश्वास, जसले टाढैबाट हेरिरहेका हरेक साना डुङ्गालाई बलियो बनाउँछ ??

***पावलले घोषणा गरे:***

**...मैले कसमाथि विश्वास राखेको छु, सो म जान्दछु...** (२ तिमोथी १:१२) ।

आँधीको समयमा तपाईंको विश्वास कोही अरूको शक्ति बन्न सक्छ ।

## ५. याद राख्नुहोस्, साना डुङ्गाहरू तपाईंको छुटकारामा ढल्कन्छन्

जब येशू ख्रीष्टले आँधी शान्त पार्नुभयो, उहाँको वरिपरि भएका साना डुङ्गाहरूले उहाँको शक्तिको प्रभाव अनुभव गरे । सो आश्चर्यकर्म चेलाहरूका निम्ति मात्रै थिएन, त्यसले नजिकै भएका हरेक डुङ्गामा शान्ति पनि ल्याएको थियो ।

प्रिय दाजुभाइ तथा दिदीबहिनी, कहिलेकाहीं परमेश्वरले हामीलाई कठिनाइ, आँधी, परीक्षा र अनपेक्षित अवसरहरूबाट हिँड्न अनुमति दिनुहुन्छ किनभने हाम्रो छुटकारालाई अरूमा आशा ल्याउन उहाँले प्रयोग गर्ने चाहना गर्नुहुन्छ ।

तपाईंको जागृति अरू कसैको निम्ति आशिष् बन्न सक्छ ।

तपाईंको प्रार्थनाले अर्को व्यक्तिको निम्ति ढोकाहरू खोल्न सक्छ ।

तपाईंको धैर्यताले कसैलाई सामर्थ्य हुन सक्छ, जो शान्त रूपमा संघर्ष गरिरहेको छ ।

बाँकी पृष्ठ ९ मा

नहेम्याह सांझको बाइबल कलेज
भर्नाको लागि छिटो गर्नुहोस् । चेपाउक र सन्थोसापुरम, Velachery चेन्नाइ
ईश्वरशास्त्रमा डिप्लोमा & Bachelor of Theology
माध्यम: तामिल (Part Time) Hindi (Part Time)
योग्यता: दश कक्षा र सोभन्दा माथि
विगत ५७ वर्षदेखि अन्तरराष्ट्रिय ख्रीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

## MAIN CHURCH PROGRAMMES

1. Prayer Service : 24 hours
2. **ECHO OF HIS CALL** - Monthly Magazines :English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikaans.
3. **BIBLECOR** - Basic Bible Courses (English, Tamil & Hindi)
4. Theological Correspondence Courses: English & Tamil
5. Nehemiah Bible Colleges (Chepauk, Santhoshapuram & Velachery)
6. Branch Churches: Santhoshapuram, Balaji Nagar & Velachery
7. Great Commission Partners (Network of Pastors)
8. Training Programmes – Seminars & Retreats
9. Crusades
10. Literature Distribution and Follow Up
11. Gospel Printing Press - Publications
12. St. Paul's Matriculation School - Village English High School
13. Sunday Schools (Chepauk) : 10.30 a.m. Sunday & (Velachery, Balaji Nagar & Santhoshapuram) 3.00 p.m. Sunday
14. **Early Morning Service : 5.30 a.m. Sunday**
15. **Preliminary Service : 8.00 a.m. Sunday**
16. **Tamil Service : 8.30 a.m. Sunday**
17. **Youth Meeting : 11.00 a.m. Sunday**
18. **Fellowship Lunch : 1.00 p.m. Sunday**
19. **Telugu Service : 4.00 p.m. Sunday**
20. **Hindi Service : 5.00 p.m. Sunday**
21. **Tamil & English Service : 6.00 p.m. Sunday**
22. Feedback Time : 7.30 p.m. Sunday
23. Women's Prayer : 5.30 p.m. Wednesday
24. Hindi Prayer : 7.00 p.m. Wednesday
25. Men's Prayer : 7.30 p.m. Friday
26. Discipleship Meeting : 6.00 p.m. Saturday
27. House Meetings : 6.30 p.m. Tuesday & Thursday
28. Special Holy Communion : 6.00 a.m. 1st day of each month
29. Ministers' Meeting : 5.30 p.m. First Saturday
30. Parents' Prayer : 4.00 p.m. First Sunday
31. Night Prayer : 9.30 p.m. Third Friday
32. Fasting Prayer : 9:30 a.m. Second Saturday
33. Holy Communion : Second Sunday Service
34. Youth / Kid Prayer : 10.00 p.m. daily (over phone)
35. Staff Devotion : 9.00 a.m. daily
36. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ ख्रीष्टियानहरू र गैहूख्रीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन।** यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र ख्रीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागि:**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, **Post Box 2957**
CHEPAUK, CHENNAI - 600 005.
**Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,**
**Cell : 98410 71852, 95661 31858**
**E.mail : biblecor@yahoo.co.in**

## नि:शुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईंले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले नि:शुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/ चेकहरू/ मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५) ।

## तिमीले सयौं गुणा प्राप्त गर्नेछौ र अनन्त जीवन उत्तराधिकार पाउनेछौ

**तिम्रो हातमा जे काम छ त्यो आफ्नो पूरा शक्तिले गर...** (उपदेशक ९:१०) ।

**बतासको विचार गर्नेले कहिल्यै छर्दैन, बादलमा नजर राख्नेले कहिल्यै कटनी गर्दैन** (उपदेशक ११:४) ।

बाइबल पत्राचार कोर्सहरू र बा इबल कलेजहरूबाट जीवनका हिँडाइबाट मानिसहरूलाई बाइबलका गहन सत्यता सिकाउने मेरो चाहना पहिलेदेखि नै थियो । यो बोझले मेरो हृदयमा गहन रूपमा जरा गाडिएर बसेको थियो र समयसँगै बलियो गरी निरन्तर वृद्धि भएको थियो । तापनि, मैले आफैंलाई असहाय महसुस गरें किनकि मसँग नता आम्दानीको स्रोत थियो नता यो दर्शनमा मलाई निर्देशन दिने र सहायता गर्ने कोही थियो । त्यो समयमा, अत्यन्तै थोरै सुविधा भएको सानो घरमा ठूलो कठिनाइ सहँदै मेरो परिवार र म गरिबीमा जिउँथ्यौं ।



सन् १९८० मा मैले इन्डिया बाइबल लिटरेचर (आइबिएल) भन्ने संस्थाबाट सुसमाचारका पोका प्राप्त गरें । मैले त्यो खोल्दा मैले विभिन्न सुसमाचारका पर्चा र पत्राचार कोर्सको किताब प्राप्त गरें । जसै मैले ती पढें, भारतभरि मानिसहरूकहाँ पुर्‍याउन यस्तै सामाग्रीहरू विभिन्न भाषहरूमा प्रयोग गर्न ममा गहन चाहना भयो । बिना कुनै ढिलाइ, म चेन्नाइ थाउजेन्ड लाइनमा भएको इन्डिया बाइबल लिटरेचलमा मेरो पुरानो साइकल चलाएर गएँ ।



त्यहाँ, मैले भेलायुथाम भनेर चिनिने भेलु नाम भएको एक जना जवान मानिसलाई भेटें, जो अहिले कार्यकारी निर्देशकको रूपमा सेवा गर्नुहुन्छ । उहाँले पत्राचार कोर्सका पुस्तकहरू सावधानीपूर्वक प्याक गरेको र पठाउँदै गरेको देखेर परमेश्वरको महिमाको निम्ति त्यस्तै काम गर्न यस कुराले मलाई प्रेरणा दिएको थियो ।

म आदरपूर्वक उहाँकहाँ गएँ र के उहाँले मलाई केही कोर्सका पुस्तकहरू उपलब्ध गर्न सक्नुहुन्छ कि भनेर सोधें । उहाँले मलाई जानकारी दिनुभयो कि हरेक पुस्तकको शुल्क ५० पैसा (आधा रुपैयाँ) हो । म गरिब परिवारबाट आएको हुँ र सरकारी विभागमा सामान्य मासिक तलबमा रोजगारी थिएँ भनेर मैले बताएँ । मेरो अवस्थाबाट प्रभावित भएर उहाँले दश वटा पुस्तकहरू निःशुल्क उदारचित्तको साथमा दिनुभयो ।

तापनि, म सन्तुष्ट भइनँ । सानो झ्यालबाट वितरण गर्ने हलभित्र राखिएका धेरै पुस्तकरूमाथि हेरेर हाँसिरहेको मैले आफैंले पाएँ । तिनीहरूले मलाई बोलाइरहेको, तिनीहरूलाई लिएर जान मलाई बिन्ती गरिरहेको र ख्रीष्टको ज्ञानको आवश्यकता भएकाहरूका हातमा ती राखिदिन मलाई भनिरहेको जस्तो लाग्थ्यो । मैले आफैंलाई त्यहाँबाट बाहिर लैजान सकिनँ ।


केही समयपछि अर्को भद्र मानिस मकहाँ आउनुभयो र सोध्नुभयो, तपाईं को हो र तपाईं किन यहाँ उभिरहनुभएको र यति लामो समयदेखि हाम्रो कार्यालयमा हेरिरहनुभएको छ ? मैले बताएँ कि जीवित परमेश्वर येशू ख्रीष्टको सेवा गर्ने उत्कट चाहनाको साथमा सीमित स्रोत भएको मानिस म हुँ र म अझ धेरै पत्राचार कोर्सका पुस्तकहरू प्राप्त गर्न चाहन्छु । मैले आवश्यक पैसा ल्याएँ भने मैले त्यो किन्न सक्छु भनेर उहाँले मलाई बताउनुभयो ।

त्यो समयमा मैले कठिन निर्णय गरें -- मैले आफ्नो पुरानो साइकल बेच्न चाहें जुन मेरो एक मात्र सम्पत्ति र यातायातको साधन थियो ।



म तुरुन्तै नजिकैको साइकल मर्मत पसलमा गएँ, मेरो साइकल एक सय रुपैयाँमा बेचें र दुई सय वटा पत्राचार कोर्स पुस्तकहरू खरिद गरें । मेरो एक मात्र यात्राको साधन बेचेको हुनाले मैले आफ्नो कुम र टाउकोमा पुस्तकहरू बोकें किनकि थाउजेन्ड लाइटदेखि मेरो घरसम्म म करिब पाँच किलोमिटर हिँडें ।


यस्तो गरुङ्गो भारी बोक्ने बानी नभएको हुनाले म चाँडै थकित भएँ । दुई वटा अवसरमा पुस्तकहरू मेरो कुमबाट फुत्क्यो र बाटोमा खस्यो । मेरो संघर्षको समयमा केही मानिसहरूले मलाई गिज्याएको हुनाले मैले असहाय र



अपमानित भएको महसुस गरें । तापनि परमेश्वरको अनुग्रहमा म सुरक्षित घर पुगें र मेरो सम्पूर्ण शक्तिले पुस्तकहरू वितरण गर्न सुरु गरें ।

स्वर्गीय भाइ एम. पावलराजको सहायतामा परमेश्वरले मलाई नयाँ जीवन - तपाईंको निम्ति पत्राचार कोर्स सुरु गर्न सक्षम बनाउनुभयो । पछि हामीले **बोलावटको प्रतिध्वनि नहेम्याह साँझको बाइबल कलेजहरू** स्थापना गर्‍यौं ।

हो, मेरो प्रिय मित्र, परमेश्वरको राज्यको निम्ति मैले आफ्नो पुरानो साइकलबाट अलग हुनुपर्ने समय थियो । मेरो परिवार र साथीहरूले यसलाई मूर्खता र लापरवाहीको कार्य भनी विचार गरे र मैले त्यो निर्णयको कारण धेरै शर्म बोकें । तापनि आज, परमेश्वरको सेवामा सहायता गर्न उहाँले मलाई सवारीसाधनहरू र विश्वासयोग्य सहकर्मीहरूले आशिषित बनाउनुभएको छ ।



त्यस्तो समय पनि थियो, जब मैले व्यक्तिगत रूपमा मेरो कुम र टाउकोमा सुसमाचारका साहित्य बोकेको थिएँ । मेरो जवान अवस्थामा त्यो पीडादायी र अपमानजनक अनुभव थियो । तर आज, मलाई बोक्न र सुसमाचारका सामाग्रीहरू र सेवकाइका कर्मचारीहरूलाई ओसारपसार गर्न परमेश्वरले कारहरू र मिनीबसहरू उपलब्ध गर्नुभएको छ ।

प्रिय मित्र, तपाईंको जीवन र तपाईंको भविष्यको लागि पनि परमेश्वरसँग अद्वितीय योजना छ । तपाईंसँग अझै समय छ । तपाईंले प्रभुको राज्यको निम्ति प्रभुलाई समर्पण गर्नुभएका जुनसुकै कुरा कहिल्यै पनि व्यर्थ जानेछैन । तपाईंको उदारहणको निम्ति येशू ख्रीष्टलाई लिनुहोस् र राज्य-केन्द्रित दर्शनको साथमा उहाँको सेवकाइमा केही विशेष कुरा लगानी गर्नुहोस् । तपाईंको जीवनमाथि परमेशवरको आशिष्‌को अन्त्य हुनेछैन ।

**याद राख्नुहोस्:**

***एउटै मात्र जीवन छ, जुन चाँडै बितेर जानेछ ।***

***ख्रीष्ट येशूको निम्ति गरिएका कुरा मात्रै अन्तसम्म रहनेछन् ।***

*पृष्ठ ६ बाट*

कहिलेकाहीं परमेश्वरले हामीलाई आँधीबाट गुज्रिन अनुमति दिनुहुन्छ ताकि हाम्रो गवाही अर्को व्यक्तिको स्वतन्त्रताको मार्ग बनोस् ।

याद राख्नुहोस् पावल र सिलासलाई । जब तिनीहरू कैदमा बाँधिएर रहेका थिए, तिनीहरूले आफैलाई निरासामा समर्पित गरेनन् । त्यसको साटो, तिनीहरूले आफ्ना सोर आराधनामा उचाले ।

बाइबलले भन्दछ:

**...आधा राततिर पावल र सिलास प्रार्थना गर्दै परमेश्वरका भजन गाइरहेका थिए र अरू कैदीहरूले सो सुनिरहेका थिए** (प्रेरित १६:२५) ।

जब तपाई आफ्नो आँधीबाट हिँड्नुहुन्छ, भय, झुट र शत्रुका योजनाको जालमा परेका तपाईंका वरिपरि भएकाहरूले सुनिरहेका हुन्छन् ।

तिनीहरूले के सुनिरहेका छन् ?

के तिनीहरूले आराधना, विश्वास र विजय सुनिरहेका छन् ?

अथवा के तिनीहरूले भय, गुनासो र निरुत्साह सुनिरहेका छन् ?

त्यसपछि अचानक:

**...एउटा भैचालो गयो र झ्यालखानका जगहरू हल्लिए र तुरुन्तै जम्मै ढोकाहरू उघ्रिए र सबैका बन्धनहरू खुले** (प्रेरित १६:२६) ।

मेरो प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू, वचनमा ध्यान दिनुहोस्:

हरेक जना

पावल र सिलास मात्रै होइन - हरेक जनाले आफ्नो स्वतन्त्रता पाए ।

तिनीहरूका नजिकै भएका चिनेका र नचिनेका कैदीहरूले स्वतन्त्रता अनुभव गरे किनभने परमेश्वरका दुई सेवकहरूले कष्टको बीचमा आराधना गर्ने छनोट गरे ।

त्योचाहिं परमेश्वरको अनुग्रहको शक्ति हो ।

तपाईंको आराधना चाबी बन्न सक्छ, जसले तपाईंले कहिल्यै नदेख्नुभएका बन्धनहरू तोड्छ । आमेन ।

## सबैका निम्ति स्वतन्त्रता

येशू ख्रीष्टले हामीमध्ये हरेकलाई उहाँको स्वतन्त्रताको औजार बन्न बोलाउनुभएको छ - शत्रुको योजनाबाट घेरिएकाहरूकहाँ पुग्न - छल, भय र अन्धकार ।

हाम्रा वरिपरि अझै पनि साना डुङ्गाहरू छन् ।

तिनीहरूले आशा खोजिरहेका छन् ।

तिनीहरूले शान्ति खोजिरहेका छन् ।

तिनीहरूले येशू ख्रीष्टको वास्तविकता हेर्न पर्खिरहेका छन् ।

तपाई र म तिनीहरूले जम्काभेट गर्ने येशू ख्रीष्टको प्रतिबिम्ब हुन सकौं ।

तपाईंको आफ्नो डुङ्गामा मात्रै येशू ख्रीष्टलाई राखेर सन्तुष्ट नहुनुहोस् । तपाईंको वरिपरि भएका साना डुङ्गाहरूलाई पनि उहाँको आवश्यकता छ ।

हाम्रा वरिपरि भएका लाखौंका निम्ति उहाँको स्वतन्त्रता बोक्न परमेश्वरले हामीलाई सक्षम बनाउनुभएको होस् - तिनीहरूमध्ये धेरैलाई हामीले अनन्त नभएसम्म कहिल्यै भेट्दैनौं । साना डुङ्गामा अझै रहिरहेका, येशू ख्रीष्टको उपस्थितिविना अघि बढिरहेकाहरूका निम्ति साँचो स्वतन्त्रताको योद्धा हुन परमेश्वरले हामीलाई बोलाउनुभएको छ ।

**साना डुङ्गाहरूलाई याद राख्नुहोस् ।**

******************

## सूचना

तपाईंको मोबाइलमा हाम्रा नम्बरहरू (+91) 98410 71858, (+91) 98412 71858 (मुख्य नम्बर) सेभ गर्नुहोला ।

**सम्पादक**

Posted at "Egmore RMS Patrika Channel" RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

## OUR QR CODE:

ECHO OF HIS CALL

Scan to pay with any UPI app

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**

*****

E.mail : sam@echoofhiscall.org

# ECHO OF HIS CALL

**Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.**

**Annual Subscription : Rs. 100/-** **Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.org

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

RNI NO. TNNEP/2000/2841
Postal Regn. No. TN/CH/(C)/194/24-26
WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26
Date of Publication: Third week of every month
Date of Posting : 15th & 16th of every month
Posted at "Egmore RMS Patrika Channel"
on 17th AUGUST 2026.

If un-delivered please return to:

**ECHO OF HIS CALL (NEPALI)**
P.O. Box No. 2957,
Chepauk, Chennai - 600 005, INDIA.
Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766

## *JESUS LOVES YOU!*

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**